# आर्थिक सर्वेक्षण २०८०।८१

- IMF का अनुसार
  - सन् २०२३ मा विश्व अर्थतन्त्र ३.२ प्रतिशतले विस्तार भएको
  - सन् २०२४ मा विश्व अर्थतन्त्र ३.२ प्रतिशतले नै विस्तार हुने अनुमान
- आर्थिक वर्ष २०८०।८१ मा नेपालको आर्थिक वृद्धिदर ३.८७ रहने अनुमान। (गत आ.व. मा १.९५ प्रतिशत रहेको)

## विभिन्न क्षेत्रको GDP मा योगदान

- कृषि: २४.०९ प्रतिशत (गत वर्षभन्दा बढेको)
- उद्योग: १३.० प्रतिशत
- सेवा क्षेत्र: ६२.९० प्रतिशत
- उत्पादनमुलक उद्योग: ४.८७ प्रतिशत
- निर्माण क्षेत्र: ५.४१ प्रतिशत
- जलविद्युत: १.८१ प्रतिशत
- पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुन:उत्पादनका क्रियाकलाप क्षेत्र: ०.४४
- थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा क्षेत्र: १५.१६ (पछिल्लो दशकको औसत)
- कम्प्युटर प्रोग्रामिङ तथा सूचना सेवा: १.९४ प्रतिशत
- शिक्षा: ८.५ प्रतिशत

## कृषि

- ६२ प्रतिशत परिवारको प्रमुख पेशा कृषि रहेको
- ६७ प्रतिशत जनसङ्ख्या कृषक परिवारभित्र रहेका

- सिँचाइ सुविधा
    - कुल सिँचाइयोग्य जमिन १७ लाख ६० हजार हेक्टर मध्ये ८८.५ प्रतिशत जमिनमा सिँचाइ सुविधा पुगेको
    - कुल कृषियोग्य जमिन २६ लाख ४० हजार हेक्टर मध्ये ५९.० प्रतिशत जमिनमा सिँचाई सुविधा पुगेको
- बाली उत्पादनको क्रम: खाद्यान्न बाली, तरकारी, नगदेबाली, औद्योगिक बाली, फलफुल
- प्रमुख खाद्यान्न बाली: धान गहुँ मकै कोदो जौ फापर
- प्रमुख नगदे बाली: आलु तेलहन
- प्रमुख औद्योगिक बाली: उखु जुट चिया कफि कपास
- प्रमुख दलहन बाली: मसुरो चना अरहर मास भटमास
- प्रमुख मसला बाली: अलैची अदुवा लसुन बेसार खुर्सानी
- राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा ९९७ मेट्रिक टन र सार्क खाद्य सुरक्षा बैंकमा ८,९९७ मेट्रिक टन खाद्यान्न मौज्दात रहेको
- कुल परिवारमध्ये कृषि कार्यका संलग्न परिवार: ६२.० प्रतिशत

<u>वन</u>

- विश्वको कुल भूभागको ३१ प्रतिशत वन क्षेत्रले ओगटेको
- विश्वको जम्मा वन क्षेत्रको ५४ प्रतिशत वन ब्राजिल, क्यानडा, चिन, रसिया र अमेरिकामा रहेको
- SAARC राष्ट्रमध्ये भुटानमा सबैभन्दा बढी ६९.७१ प्रतिशत र कम अफगानिस्तानमा १.८५ प्रतिशत वन रहेको, नेपालमा दोस्रो बढि वन रहेको
- नेपालमा कुल भू-भागको ४१.६९ प्रतिशत वन र ३.६२ प्रतिशत झाडी तथा बुट्यान क्षेत्र गरी ४५.३१ प्रतिशत वन रहेको
- प्रति व्यक्ति वन क्षेत्र ०.२ हेक्टर रहेको

- विभिन्न वन्यजन्तुको सङ्ख्या
    - बाघ: ३५५
    - अर्ना: ४९८
    - गैंडा: ७५२
    - कृष्णासार: ३७५
- राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम ३७ जिल्लामा सञ्चालित

## उद्योग

- उद्योग विभाग अन्तर्गत ९,३४४ उद्योग दर्ता भएका जसमध्ये ठूला १५ प्रतिशत, मझौला २२.६ प्रतिशत र साना ६२.४ प्रतिशत रहेका
- वैदेशिक लगानीको क्रम: चीन भारत हङकङ्ग दक्षिण कोरिया अमेरिका (रकमको आधारमा) र चिन भारत अमेरिका दक्षिण कोरिया संयुक्त अधिराज्य (सङ्ख्याको आधारमा)

## विशेष तथ्याङ्क

- देशभर विभिन्न ४२ स्थानमा भुकम्प मापन केन्द्र स्थापना भएको
- GDP मा उपभोग र बचतको अंश
    - उपभोग: ९२.४ प्रतिशत
    - बचत: ७.६ प्रतिशत
- प्रतिव्यक्ति आय: १,४५६ अमेरिकी डलर
- प्रतिव्यक्ति कुल खर्चयोग्य आय: १,८४३ अमेरिकी डलर
- उपभोक्ता मुद्रास्फिर्ति: ६.०८ प्रतिशत

## सार्वजनिक वित्त

- २०८० फागुनसम्म सार्वजनिक ऋण
    - GDP को अनुपातमा ४१.९ प्रतिशत पुगेको जसमध्ये आन्तरिक २१.१ र बाह्य २०.८ रहेको

- कुल सार्वजनिक ऋण: रु. २३ खर्ब ८८ अर्ब २६ करोड
- जसमध्ये
    - आन्तरिक ऋण: ४९.६ प्रतिशत
    - वाह्य ऋण: ५०.४ प्रतिशत
- संघ प्रदेश र स्थानीय तहको खुद एकीकृत खर्च(२०७९।८० मा): रु. १६ खर्ब ५६ अर्ब रहेको जसमध्ये
    - चालु: ५६.३० प्रतिशत
    - पुँजिगत: ३१.८५ प्रतिशत र
    - वित्तीय व्यवस्था: ११.८५ प्रतिशत
- कुल एकीकृत खर्च मध्ये
    - संघले गरेको खर्च: ६१.८३ प्रतिशत
    - प्रदेशले गरेको खर्च: १०.७७ प्रतिशत
    - र स्थानीयले गरेको खर्च: २७.४० प्रतिशत रहेको
- पछिल्ला ४ बर्षमा राजस्व सन्तुलन ऋणात्मक रहेको
- स्थायी लेखा नं. लिने करदाताको सङ्ख्या: ६० लाख ४८ हजार ८ सय ८९ जसमध्ये ६७.१ प्रतिशत व्यक्तिगत, ३२.४ प्रतिशत व्यावसायिक र ०.५ प्रतिशत Withholding PAN रहेका

**<u>वित्तीय संरचना</u>**

- वित्तीय संस्थाको सङ्ख्या
    - वाणिज्य बैंक: २०
    - विकास बैंक: १७
    - वित्त कम्पनी: १७
    - लघुवित्त वित्तीय संस्था: ५५
    - पूर्वाधार विकास बैंक: १ गरी कुल ११०

  - त्यस्तै ३७ बिमा कम्पनी रहेका
  - सहकारी संस्थाको सङ्ख्या: ३१,४५०
- बैंक तथा वित्तीय संस्थाको शाखाका आधारमा प्रति शाखा जनसङ्ख्या: २,५१५
- बैंक तथा वित्तीय संस्थाको निष्क्रिय कर्जाको औसत अनुपात: ३.७३ प्रतिशत
- विद्युतीय कारोबारमा सहजताका लागि बैंक तथा वित्तीय संस्थाबाहेक १० भुक्तानी प्रणाली सञ्चालक र २७ भुक्तानी सेवा प्रदायक संस्था सञ्चालनमा रहेका

**मौद्रिक नीतिको लक्ष्य र स्थिति**

- औसत मुद्रास्फिर्ति ६.५ प्रतिशतभित्र सीमित राख्ने लक्ष्य लिएकोमा ६.०८ रहेको
- अनिवार्य नगद अनुपात ४.० प्रतिशत रहेको

**शेयर**

- ५८ लाख २३ हजार DMAT खाता र ५२ लाख ६४ हजार Meroshare खाता रहेका

**बिमा**

- १४ जिबन बिमा, १४ निर्जीवन बिमा, ७ लघुबीमा र २ पुनर्बीमा कम्पनी गरी ३७ वीमा कम्पनी रहेका

**वैदेशिक व्यापार**

- कुल वस्तु व्यापारमा निकासीको अंश: ८.९ प्रतिशत

**गरिबी**

- नेपाल जीवनस्तर सर्वेक्षण चौथो २०७९।८० अनुसार
  - निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसङ्ख्या: २०.२७ प्रतिशत जसमध्ये ग्रामिण: २४.६६ प्रतिशत र शहरी: १८.३४ प्रतिशत रहेको
  - बहुआयामिक गरिबी: १७.४ प्रतिशत
  - गिनी सूचकाङ्क(आय असमानता मापन गर्ने): ०.३०३

- मानव विकास सूचकाङ्क: ०.६०१ (१४६ औ स्थान)s
- प्रदेशगत रुपमा गरिबीको क्रम: सुदुरपश्चिम कर्णाली लुम्बिनी मधेश कोशि बागमती गण्डकी

<u>श्रम र रोजगारी</u>

- एकिकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० कार्यान्वयनमा रहेको
- ६ वटा स्थानीय तह बाल श्रममुक्त घोषणा भएका
- हालसम्म ९०९६ जना गैर नेपालीलाई नेपालमा काम गर्न श्रम स्विकृती दिइएको
- वैदेशिक रोजगारमा जान श्रम स्विकृती लिनेको सङ्ख्या: ५९ लाख ६९ हजार जसमध्ये ९३.८ प्रतिशत पुरुष र ६.२ प्रतिशत महिला रहेका
- कुल १ लाख ४ हजार ६० जना नेपाली कामदार हालसम्म ईपिएस प्रणालीमार्फत कोरिया गएका
- वैदेशिक रोजगारीको प्रमुख गन्तव्य: कतार, मलेशिया, साउदी अरब, युएई, कुवेत
- वैदेशिक रोजगारीका लागि संस्थागत रुपमा १११ देश खुला गरिएको।
- वैदेशिक रोजगारीमा श्रमिक पठाउने प्रयोजनका लागि १,५९९ म्यानपावर कम्पनीले इजाजतपत्र प्राप्त गरेका
- ४३ जिल्लाका १६१ स्थानीय तहमा तेस्रो चरणको सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालनमा रहेको

<u>योगदानमा आधारित सामाजिक सुरक्षा</u>

- ४ लाख ८६ हजार १ सय २५ श्रमिक आवद्ध
- जसमध्ये विदेशमा रहेका ५९ प्रतिशत
- 
- विदेशी विनिमय सञ्चिति: १४ अर्ब १४ करोड अमेरिकी डलर जसले १४.८ महिनाको वस्तु र १२.४ महिनाको वस्तु तथा सेवाको पैठारी धान्न पर्याप्त
- ११ लाख ९९ हजार ७ सय ११ श्रमिक सामाजिक सुरक्षा कोषमा आवद्ध

## भौतिक पूर्वाधार र यातायात

- **सडक**
  - संघीय सरकारबाट निर्मित: ३४ हजार २ सय ६७ किलोमिटर जसमध्ये कालोपत्रे ५३.२ प्रतिशत, खण्डास्मित २२.५ प्रतिशत र कच्ची सडक २४.३ प्रतिशत रहेको
- **विभिन्न सडक आयोजनाहरु**
  - मध्यपहाडी (पुष्पलाल) राजमार्ग: १८७९ किलोमिटर
  - हुलाकी राजमार्ग: १८५७ किलोमिटर
  - कालिगण्डकी कोरिडोर: ४४७ किलोमिटर
  - कर्णाली कोरिडोर: २६९ किलोमिटर
  - कोशी कोरिडोर: १६२ किलोमिटर
  - मदन भण्डारी राजमार्ग: १३९० किलोमिटर
  - गल्छी त्रिशुली मैलुङ्ग स्याफ्रुवेशी रसुवागढी सडक: ८२ किलोमिटर
  - नारायणगढ-बुटवल सडक: ११३ किलोमिटर
- ३९ यातायात व्यवस्था कार्यालयहरुमा विद्युतीय सवारी चालक अनुमतिपत्र प्रणाली लागु

## सञ्चार र सूचना प्रविधि

- ब्रोडव्यान्ड इन्टरनेट सेवाको पहुँच सबै स्थानीय तहको केन्द्रसम्म पुगेको
- सबै सरकारी कार्यालयको वेबसाइटमा एकरुपता कायम गर्न वेबसाइटको साझा ढाँचा निर्माण भएको
- ७६५ वटा दैनिक पत्रिका सहित ७,९९७ पत्रिका दर्ता भएका
- द्रुत डाँक सेवा ४४ जिल्लाको ६५ स्थानमा विस्तार
- अन्तराष्ट्रिय हवाई द्रुत डाँक सेवा ३९ देशमा विस्तार
- रेडियो नेपालको प्रसारण पहुँच ९३ प्रतिशत जनसङ्ख्यामा पुगेको
- रेडियो नेपालबाट ३२ भाषामा समाचार र २१ भाषामा कार्यक्रम प्रसारण हुँदै आएको
- नियमित प्रसारणमा रहेका एफ एम ७२० र टेलिभिजन १०६ रहेका

- ईन्टरनेट ग्राहक घनत्व: १४३.८ प्रतिशत
- मोबाईल टेलिफोन ग्राहक घनत्व: १२१.६

## पर्यटन

- सन् २०२३ मा पर्यटक आगमन सङ्ख्या: १० लाख १४ हजार ८ सय ८२, औसत बसाइ १३.२ दिन र प्रति पर्यटक प्रति दिन औसत खर्च ४१ अमेरिकी डलर रहेको
- सन् २०२३-२०३२ लाई पर्यटन दशकको रुपमा मनाई प्रति दिन खर्च १२५ अमेरिकी डलर पुर्याउने लक्ष्य लिईएको
- नेपालमा आउने पर्यटकको प्रमुख उद्देश्य: मनोरञ्जन, पदयात्रा र पर्वतारोहण, तीर्थयात्रा
- सबैभन्दा बढी पर्यटक आउने स्थान: लुम्बिनी
- पर्यटकको सङ्ख्या देशअनुसार: भारत, अमेरिका, चीन, वेलायत, अष्ट्रेलिया, बङ्गलादेश
- सन् २०२२ को तुलनामा चिनबाट नेपाल आउने पर्यटकको सङ्ख्या ६ गुणा र कोरियाबाट आउनेको सङ्ख्या १० गुणाले बढेको
- १८२ पाँचतारे होटल रहेका

## वायुसेवा

- नेपालमा अन्तराष्ट्रिय उडान भर्ने वायुसेवा: ३१
- द्विपक्षिय हवाई सम्झौता भएका देश: ४१
- दुई तर्फी हवाई सिट क्षमता: ८७ लाख ५५ हजार
- आन्तरिक उडान भर्ने वायुसेवा कम्पनी: २२ जसमध्ये हवाईजहाज(Fixed Wing) १२ र हेलिकप्टर(Rotor Wing) १०
- सञ्चालनमा रहेका कुल विमानस्थल: ३३
- कालोपत्रे विमानस्थल: ४१

## ऊर्जा

- जम्मा विद्युत उत्पादन: ३०६०.१ मेगावाट
- जसमध्ये
  - जलविद्युत: २८१८.९१ मेगावाट
  - सौर्य ऊर्जा: ९७.०४ मेगावाट
  - थर्मल ऊर्जा: ५३.४१ मेगावाट
  - वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र: ८७.४७ मेगावाट जसमध्ये ४८.२३ मेगावाट सोलार प्लान्टबाट
  - चिनी मिलबाट: ६ मेगावाट
  - २०८१ असारसम्म ९४०.८ मेगावाट जलविद्युत उत्पादन हुने अनुमान
  - विद्युत पहुँच पुगेको जनसङ्ख्या: ९७.७ प्रतिशत र कुल जडित विद्युत क्षमता ३,०६० मेगावाट रहेको
  - विद्युत खपत ८०१७ गिगावाट घण्टा पुगेको

## संस्कृती

- गौतमबुद्धको जन्मस्थल लुम्बिनी संरक्षित स्मारक क्षेत्र घोषित
- कपिलवस्तु तिलौराकोटलाई विश्व सम्पदा सूचीमा समावेश गर्न नोमिनेशन डोसर २०२४ जनावरी ३१ मा दर्ता
- युनेस्कोको समन्वयमा रामग्राम स्तुपाको उत्तरपश्चिम भागको उत्खनन् कार्य सम्पन्न
- नेपालबाट चोरी पैठारी भएका सम्पदामध्ये १४९ थान पुरातात्विक सम्पदा फिर्ता भएका
- ७७६ सम्पदाको संरक्षण तथा पुनर्निमार्ण कार्य सम्पन्न
- पशुपति क्षेत्रको संरक्षण एवं व्यवस्थापन गुरुयोजना, २०७९ कार्यान्वयनमा आएको

## सहरी विकास

- सघन सहरी विकास कार्यक्रम १०५ नगरपालिकामा लागू

## स्वास्थ्य

- औसत आयु: ७१.३ वर्ष
- कुल प्रजनन दर: १.९ रहेको जुन प्रतिस्थापन प्रजनन दर २.१ भन्दा कम हो।
- नेपालमा प्रति हजार जनसङ्ख्यामा १.२० चिकित्सक र २.८३ नर्स रहेका जुन WHO ले तोकेको न्यूनतम मापदण्ड भन्दा माथि हो।
- दक्ष प्रसूतिकर्मीबाट सुत्केरी हुने महिलाको दर ८०.० प्रतिशत पुगेको
- नवजात शिशु मृत्युदर प्रति हजार जीवित जन्ममा २१ पुगेको
- ५ वर्षमुनिका बालबालिकाको मृत्युदर प्रति हजार जीवित जन्ममा ३३ पुगेको
- राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत ५ वर्ष मुनिका बालबालिकालाई १३ प्रकारका रोग विरुद्धको खोप उपलब्ध गराइदै आइएको साथै गर्भवती महिलाका लागि दुई प्रकारको खोप(टिटानस र डिप्थेरिया) प्रदान गर्रिदै आइएको।
- देशभर कुल ७ हजार ८ सय ५८ सरकारी स्वास्थ्य संस्था रहेका
- राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत २०८० फागुनसम्म ६६० गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार भएको

## शिक्षा

- कक्षा १ मा खुद प्रवेश दर: ९५.७ प्रतिशत
- आधारभुत तह(१-५)मा खुद भर्नादर: ९५.६ प्रतिशत
- आधारभुत तह(१-८) मा खुद भर्नादर: ९५.१ प्रतिशत
- माध्यमिक तह(९-१२) मा खुद भर्नादर: ५७.९ प्रतिशत
- कक्षा ८ सम्मको टिकाउ दर: ८६.२ प्रतिशत
- कक्षा १० सम्मको टिकाउ दर: ६९.९ प्रतिशत
- कक्षा १२ सम्मको टिकाउ दर: ३७.२ प्रतिशत
- १५ वर्षमाथीको साक्षरता दर: ७१.२ प्रतिशत
- १०० भन्दा कम विद्यार्थी रहेका सामुदायिक विद्यालय १५९६५ रहेका

- सबैभन्दा बढी विद्यार्थी रहेका सामुदायिक विद्यालयहरु
    - कालिका मानवज्ञान मावि: ८०५३
    - जनता नमूना मावि: ५७८९
    - शान्ति नमूना मावि: ५२८३
    - कान्ति मावि: ५१७३
    - नवीन औद्योगिक कदरबहादुर रिता मावि: ४६५८
      (जनता नमुना धनुषा अरु सबै रुपन्देही)
- SEE मा पोखरीया मावि, विराटनगरका ७४.४ प्रतिशत विद्यार्थीहरुले ३.२ र सो भन्दा बढी GPA ल्याएका
- वैदेशिक अध्ययन अनुमतीपत्रका आधारमा नेपाली विद्यार्थीका प्रमुख गन्तव्य देश: जापान क्यानडा अष्ट्रेलिया संयुक्त अधिराज्य संयुक्त राज्य अमेरिका

## खानेपानी तथा सरसफाई

- आधारभूत खानेपानीको पहुँच पुगेको जनसङ्ख्या: ९६.७५ प्रतिशत
- उच्च मध्यमस्तरको खानेपानीको पहुँच पुगेको जनसङ्ख्या: २७.७६ प्रतिशत
- आधारभूत सरसफाईको पहुँच पुगेको जनसङ्ख्या: ९५.५० प्रतिशत
- राष्ट्रिय खानेपानी, सरसफाई तथा स्वच्छता नीति, २०८० कार्यान्वयनमा आएको

## महिला प्रतिनिधित्व

- निजामती सेवामा महिलाको सहभागिता: २८.५ प्रतिशत
- स्वास्थ्य सेवामा कार्यरतमध्ये ४९.७ प्रतिशत महिला रहेका

## व्यक्तिगत घटना दर्ता

- व्यक्तिगत घटना दर्तासम्बन्धी कार्य अनलाईन मार्फत गर्ने वडा ६६९२ पुगेका

## दिगो विकास लक्ष्य र नेपाल

- दिगो विकासको प्रगतिमा नेपाल १६६ मुलुकमध्ये ९९ औं स्थानमा रहेको
- सन् २०३० मा SDG लक्ष्यको ६०.० प्रतिशत उपलब्धि हुने अनुमान

## प्रदेश र स्थानीय तहको आर्थिक तथा सामाजिक स्थिति

- कुल ग्राहस्थ उत्पादनमा प्रदेशको हिस्सा
  - बागमती: ३६.४ प्रतिशत
  - कोशि: १५.८ प्रतिशत
  - लुम्बिनी: १४.३ प्रतिशत
  - मधेश:१३.१ प्रतिशत
  - गण्डकी:९.१ प्रतिशत
  - सुदुरपश्चिम:७.१ प्रतिशत
  - कर्णाली:४.३ प्रतिशत
- प्रदेशगत आर्थिक वृद्दिदर
  - राष्ट्रिय आर्थिक वृद्दिदर: ३.८७ प्रतिशत
  - विगत ६ बर्षमा औसत आर्थिक वृद्धिदर कर्णाली प्रदेशको सवैभन्दा बढी ४.२ प्रतिशत र बागमती प्रदेशको सबैभन्दा कम २.८ प्रतिशत रहेको
- GDP मा कृषि क्षेत्रको योगदान: सवैभन्दा बढी मधेश(३५.३ प्रतिशत) र कम बागमती प्रदेश(१२.० प्रतिशत)
- GDP मा उद्योग क्षेत्रको योगदान: गण्डकीमा वढि(१६.८ प्रतिशत) र बागमतीमा कम(१०.६ प्रतिशत)
- GDP मा सेवा क्षेत्रको योगदान: बागमतीमा सबैभन्दा बढी: ७७.४ प्रतिशत र कोशीमा सबैभन्दा कम: ५०.९ प्रतिशत
- राष्ट्रिय कृषि उत्पादनमा कोशी प्रदेशको हिस्सा सवैभन्दा बढी र कर्णालीको हिस्सा सवैभन्दा कम रहेको

- कुल प्रादेशिक खर्च मध्ये पुँजिगत खर्चको हिस्सा: सुदुरपश्चिममा बढी र कम कर्णालीमा
- बैंक तथा वित्तीय क्षेत्रका सबैभन्दा बढी शाखा बागमती र कम कर्णालीमा रहेका
- विद्युत पहुँच: राष्ट्रिय: ९७.७ %
    - सबैभन्दा बढी: मधेश(१०० प्रतिशत)
    - बागमती, गण्डकी, लुम्बिनीमा राष्ट्रिय औसतभन्दा बढी र कोशि, सुदुरपश्चिम र कर्णालीमा(६८.५) औसतभन्दा कम
- स्थानीय तहको केन्द्रसम्म सडक पहुँच:
    - २१ स्थानीय तहको केन्द्रसम्म हालसम्म नपुगेको
    - मधेश र लुम्बिनीका सबै केन्द्रसम्म पुगेको
    - कर्णालीका ७८ मध्ये १० स्थानीय तहको केन्द्रसम्म पुग्न नसकेको
    - कर्णालीमा ४६ तहको केन्द्रसम्म पक्की सडक पुगेको
- वन
    - नेपालको कुल वनमध्ये सबैभन्दा बढी कोशि प्रदेश र कम मधेश प्रदेशमा रहेको
    - मधेशका ८४, कोशिका १३ र लुम्बिनीका ९ गरी १०६ स्थानीय तहमा वन क्षेत्र नरहेको
- जलवायु परिवर्तन
    - सन् २०२३ मा ICIMOD ले गरेको अध्ययन अनुसार हिन्दकुश हिमालय क्षेत्रका हिमनदीको पिण्ड ६५ प्रतिशतले घटेको
    - नेपाल जलवायु परिवर्तनमा दृष्टिकोणबाट उच्च जोखिम भएका मुलुकमध्ये १० औं स्थानमा पर्दछ। (German Watch नामक संस्थाको सन् २०२१ को अध्ययन अनुसार)
- हरितगृह ग्यास उत्सर्जन
    - बढी अंश चीनको २५.८८ प्रतिशत र अमेरिकाको ११.१३ प्रतिशत रहेको
    - चिन अमेरिका भारत युरोपियन युनियन इन्डोनेसिया रुस ब्राजिल जापान इरान र क्यानाडा प्रमुख दश देश
- CoP-२८ सन् २०२३ को डिसेम्बरमा दुबईमा सम्पन्न
- स्थानीय तहले वार्षिक बजेटको ८० प्रतिशत जलवायु वित्तीय बजेट खुलाउनुपर्ने प्रावधान
- आ.व. २०८०।८१ मा जवलायु परिवर्तनमा असर न्यूनीकरण र अनुकुलनका लागि ५.९६ प्रतिशत बजेट विनियोजन

**"Be Smart with Nabin"**